(Nepali)


**BUFFALO PUBLIC SCHOOLS**
**Office of the Superintendent**
65 Niagara Square Room #712 City Hall
Buffalo, New York
14202 Phone
(716) 816-3575
Fax (716) 851-3033
TMWilliams@buffaloschools.org

**डा. टोन्या यम. विलियमस्स्कूलहरुको स्कूलहरुको**
**अस्थायी सुपरिवेक्षक**


मे २४, २०२२

हाई स्कूलका विद्यार्थीहरुका प्रिय अभिभावकहरु तथा हेरचाह गर्नेहरु,

वुधवार जुन १, २०२२ को दिन संचालन गर्ने भनी तोकिएको संयुक्त राज्य अमेरकाको इतिहास र सरकार (फ्रेमवर्क) सम्बन्धि रिजेन्टस् (Regents ) को परिक्षालाई **रद्द गरिएको छ** भनेर थाहा पाउनुहोला। हाई स्कूलका सम्पूर्ण विद्यार्थीहरु (ग्रेड ९-१२) ले **वुधबार जुन १, २०२२ को दिन स्कूलमा अनिवार्य रुपले उपस्थित हुनु पर्नेहुन्छ।**

राज्यको शिक्षा विभागले निर्धारण गरेको छ कि यस मूल्याङ्कनमा विषयवस्तुहरु छन् जसले हाम्रो शहरमा हालै घटेको हिंसाको कारणले विद्यार्थीको आघातलाई झनै गहिरो असर गर्न सक्ने क्षमता छ।

जुन २०२२ को बोर्ड अफ रिजेन्ट्स (Regents) को बैठकमा, विभागले जुन १, २०२२ मा संयुक्त राज्य अमेरिकाको इतिहास र सरकार (फ्रेमवर्क) सम्बन्धि रीजेन्ट्स परीक्षा दिन निर्धारित भएका विद्यार्थीहरुलाई सो विषयको परिक्षाबाट मुक्त गरी सबैलाई पास गर्ने भनी बोर्डलाई अनुमोदन गर्न भनी आग्रह गर्ने छ। नयाँ मूल्याङ्कन व्यवस्थापनसँग सम्बन्धित प्राविधिक आवश्यकताहरुको कारणले गर्दा बोर्ड अफ रिजेन्ट्सले गर्ने नियामक परिवर्तनले जुन २०२२, अगस्ट २०२२ र जनवरी २०२३ मा यो परीक्षा दिन योजना बनाउने विद्यार्थीहरुलाई छुट दिने भनी विचार गर्नेछ।

यदि तपाईसंग कुनै पनि प्रश्नहरु छन् भने, कृपया तपाईको बच्चाको स्कूलको प्रसाशनिक टोलीसंग स्वतन्त्र तरिकाले कुरा गर्नुहोला।। .

भवदीय,

*डा. टोन्या यम. विलियमस्, अस्थायी सुपरिवेक्षक*

***बोधार्थ: शिक्षा बोर्डका सदस्यहरु***
***क्याबिनेट (Cabinet) सदस्य***
***भवनको डिभिजन प्रमुख***
***प्रिन्सिपलहरु***

***"Putting Children and Families First to Ensure High Academic Achievement for All"***